# घोराही उप-महानगरपालिका

## नगरसभाको १९ औं अधिवेशन

घोराही  उपमहानगरपालिकाको नगरसभा समक्ष नगर उपप्रमुख श्री हुमा कुमारी डि.सी. ज्यूद्वारा प्रस्तुत

## आर्थिक वर्ष २०८३/८४को

# बजेट वक्तव्य

नगर सभामा पेश भएको मितिः २०८२/०३/०८


स्थानीय सरकार

घोराही उप-महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

**नगरसभाका अध्यक्ष महोदय,**

१. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सफल कार्यान्वयनसँगै स्थानीय तहमा जनप्रतिनिधिमूलक शासन प्रणाली संस्थागत हुँदै गएको सन्दर्भमा, स्थानीय तह निर्वाचन-२०७९ पश्चात् जनताले प्रदान गरेको अभिमत अनुसार स्थानीय सरकारको नेतृत्व गर्दै हामीले चौथो वर्षको कार्यकाल सम्पन्न गर्ने चरणमा प्रवेश गरेका छौं। यस ऐतिहासिक अवसरमा, घोराही उपमहानगरपालिकाको उपप्रमुखको हैसियतले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रम यस गरिमामय नगर सभासमक्ष प्रस्तुत गर्न पाउँदा म अत्यन्त गौरवान्वित र हर्षित भएको अनुभूति गरेको छु।

२. यस महत्त्वपूर्ण अवसरमा, नेपालको राजनीतिक, सामाजिक तथा लोकतान्त्रिक रूपान्तरणका लागि इतिहासका विभिन्न कालखण्डमा सञ्चालन भएका आन्दोलन, संघर्ष तथा क्रान्तिहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति उच्च सम्मानका साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, लोकतन्त्र, समावेशिता, सामाजिक न्याय तथा जनअधिकार स्थापनाका लागि विभिन्न आन्दोलनहरूको अग्रपंक्तिमा रहेर नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने अग्रज नेतागण तथा अभियन्ताहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दछु। मुलुकको शासकीय संरचनालाई संघीयता, लोकतन्त्र र गणतन्त्रको वर्तमान स्वरूपमा स्थापित गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउनुहुने घाइते योद्धा, आन्दोलनकर्मी तथा बेपत्ता नागरिकहरूप्रति समेत उच्च सम्मान प्रकट गर्दै उहाँहरूको त्याग, समर्पण र योगदानलाई कृतज्ञतापूर्वक स्मरण गर्दछु।

३. नगर स्थापनादेखि नगर निर्माणको विभिन्न कालखण्डमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने पूर्व जनप्रतिनिधि, प्रशासकीय नेतृत्व, समाजसेवी, बुद्धिजीवी तथा सम्पूर्ण अग्रज व्यक्तित्वहरूको योगदानलाई सम्मानपूर्वक स्मरण गर्दछु।

**नगरसभाका अध्यक्ष महोदय,**

४. नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्मअनुसार आवश्यक कानून निर्माण तथा परिमार्जन गर्दै स्थानीय शासन प्रणालीलाई थप सुदृढ, उत्तरदायी र जनमुखी बनाउदै सेवा प्रवाह, विकास व्यवस्थापन तथा सुशासन प्रवर्द्धनमा उल्लेखनीय सफलता हासिल गरेका छौं।

५. नगरको समग्र भौतिक पूर्वाधार विकासलाई प्राथमिकतामा राखी सडक सञ्जाल विस्तार, पुल तथा कल्भर्ट निर्माण, ढल तथा नाला व्यवस्थापन, नदी नियन्त्रण तथा तटबन्ध निर्माण लगायतका कार्य मार्फत नागरिकको आवागमन, सुरक्षा तथा जीवनस्तरमा उल्लेखनीय सुधार ल्याइएको छ।

६. स्वच्छ खानेपानी, सिंचाइ, विद्युत तथा वैकल्पिक ऊर्जाको पहुँच विस्तार गरी कृषि उत्पादन वृद्धि, वातावरणीय संरक्षण तथा नागरिकको आधारभूत सेवामा पहुँच अभिवृद्धि गरिएको छ।

७. शिक्षा, स्वास्थ्य, खेलकुद तथा सामुदायिक पूर्वाधार विकासलाई विशेष प्राथमिकता दिँदै विद्यालय, स्वास्थ्य संस्था, खेल मैदान, सामुदायिक भवन तथा अन्य सार्वजनिक संरचनाहरू निर्माण तथा स्तरोन्नति गरिएको छ। यसले सामाजिक विकास र जनसेवाको गुणस्तरमा सकारात्मक प्रभाव पारेको छ।

८. शैक्षिक सुधारका कार्यक्रम, सुशासन अभिवृद्धि तथा सामुदायिक सहभागिता सुदृढीकरणका माध्यमबाट समृद्ध, व्यवस्थित र समावेशी नगर निर्माणतर्फ महत्वपूर्ण उपलब्धी हासिल गरिएको छ।

९. विपन्न, महिला, ज्येष्ठ नागरिक तथा बालबालिकालाई लक्षित स्वास्थ्य सेवाको विस्तार, विशिष्टीकृत उपचारमा पहुँच, निःशुल्क मोतियाबिन्दु शल्यक्रिया,

रक्तसञ्चार सहयोग कार्यक्रम तथा पूर्ण खोप सुनिश्चिततामार्फत नगरवासीको स्वास्थ्य सुरक्षा र जीवनस्तर सुधारमा महत्वपूर्ण उपलब्धि हासिल गरेका छौं।

१०. बालमैत्री तथा लैङ्गिक हिंसामुक्त नगर अभियानलाई सुदृढ बनाउँदै ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, सडक मानव, बेवारिसे बालबालिका तथा हिंसापीडित महिलाहरूको संरक्षण, पुनर्स्थापना र सामाजिक सुरक्षामा उल्लेखनीय उपलब्धि हासिल गरेका छौं।

११. कृषि उत्पादन वृद्धि र कृषकको आयआर्जन अभिवृद्धिका लागि सिँचाइ, यान्त्रिकीकरण, उन्नत बीउ वितरण, कृषक तालिम, पशु स्वास्थ्य सेवा, कृत्रिम गर्भाधान, पशु खोप तथा मत्स्य एवं पशुपालन प्रवर्द्धनका कार्यक्रमहरु मार्फत कृषि विकास र पशु-पन्छी सेवाको विस्तार भएको छ।

१२. विपद् व्यवस्थापन क्षमता अभिवृद्धि, स्वच्छ तथा वैकल्पिक ऊर्जाको प्रवर्द्धन तथा वन स्रोतको दिगो संरक्षण र व्यवस्थापन मार्फत वातावरणीय सुधार र दिगो विकासमा महत्वपूर्ण योगदान पुऱ्याइएको छ।

१३. सफा, हरित र स्वस्थ नगर निर्माणका लागि सरसफाइ, ढल व्यवस्थापन, पार्क विकास तथा नदी नियन्त्रणका कार्यहरू प्रभावकारी रूपमा सञ्चालन गरिएको छ।

१४. धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण र प्रवर्द्धन मार्फत नगरको मौलिक पहिचान र सांस्कृतिक गौरवलाई सुदृढ बनाइएको छ।

१५. बजार अनुगमन, उपभोक्ता सचेतना, गुनासो सुनुवाइ तथा व्यवसाय व्यवस्थापनका कार्यक्रम मार्फत उपभोक्ता अधिकार संरक्षण, बजार अनुशासन र उपभोक्तामैत्री वातावरण प्रवर्द्धन गरिएको छ।

१६. न्यायिक समितिमार्फत प्रभावकारी विवाद समाधान, कानुनी सचेतना, सरोकारवालासँग समन्वय तथा संस्थागत सुधारका कार्यहरू सञ्चालन गरी न्यायमा नागरिकको पहुँच र विश्वास अभिवृद्धि गरिएको छ।

१७. सुरक्षित, मर्यादित र उपलब्धिमूलक वैदेशिक रोजगारी प्रवर्द्धनका लागि सूचना प्रवाह, अभिमुखीकरण, वित्तीय साक्षरता, मनोसामाजिक परामर्श जस्ता कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिएको छ।

१८. सूचना प्रविधिमा आधारित सेवा विस्तार, विद्युतीय शासन प्रणालीको प्रभावकारी कार्यान्वयन, पारदर्शी सूचना प्रवाह, नागरिक सहभागिता तथा नियमित अनुगमन र मूल्याङ्कन मार्फत सेवा प्रवाह, सुशासन, पारदर्शिता, जवाफदेहिता र संस्थागत क्षमता अभिवृद्धिमा उल्लेखनीय उपलब्धि हासिल गरिएको छ।

**नगरसभाका अध्यक्ष महोदय,**

अब म चालु आर्थिक वर्ष २०८२/८३ को जेष्ठ ७ गते सम्मको बजेट कार्यान्वयनको अवस्था संक्षिप्त रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१९. संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत चालु तर्फ विनियोजित बजेट रू. ७६ करोड ११ लाख ४८ हजार मध्ये ७०.९२ प्रतिशत खर्च भएको छ भने पूजिगत तर्फ विनियोजित बजेट रु. १० करोड ८३ लाख मध्ये २४.९३ प्रतिशत खर्च भएको छ। संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमको औसत खर्च ६५.१८ प्रतिशत रहेको छ।

२०. प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत चालु तर्फ विनियोजित बजेट रु. ५ लाख ८ हजार मध्ये ८५.९८ प्रतिशत र पूजिगत तर्फ विनियोजित बजेट रु. ३ करोड ७७ लाख मध्ये ७.४९ प्रतिशत खर्च भएको छ। प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमको औसत खर्च ८.५ प्रतिशत रहेको छ।

२१. आन्तरिक बजेटबाट चालु तर्फ विनियोजित बजेट रु. ५२ करोड १४ लाख ८० हजार मध्ये ६३.२१ प्रतिशत खर्च भएको छ भने पूजिगत तर्फ विनियोजित बजेट ८४ करोड ७३ लाख ११ हजार मध्ये ४४.०५ प्रतिशत खर्च भएको छ। आन्तरिक बजेट तर्फको औसत खर्च ५१.३५ प्रतिशत रहेको छ।

२२. समग्रमा संघ, प्रदेश र उपमहानगरपालिकाको आन्तरिक बजेट समेत गरी चालु तर्फ विनियोजित बजेट रु. १ अर्ब २८ करोड ३१ लाख ३७ हजार मध्ये ६७.७९ प्रतिशत खर्च भएको छ भने पूजिगत तर्फ विनियोजित बजेट रु. ९९ करोड ३३ लाख ७१ हजार मध्ये ४०.५४ प्रतिशत खर्च भएको छ। कुल बजेटको औसत खर्च ५५.८९ प्रतिशत रहेको छ।

२३. क्षेत्रगत रुपमा हेर्दा आर्थिक विकास अन्तर्गत उद्योग तर्फ २६.९१ प्रतिशत, वाणिज्य तथा आपूर्ति तर्फ ३१.७ प्रतिशत, कृषि विकास तर्फ ४९.९१ प्रतिशत, पशुपन्छी विकास तर्फ २२.०६ प्रतिशत, सहकारी तथा रोजगार प्रवर्द्धन तर्फ १४.५३ प्रतिशत र जलश्रोत तथा सिँचाई तर्फ १४.८५ प्रतिशत खर्च भएको छ। समग्रमा आर्थिक विकास तर्फ चालु आ.व.को यस अवधि सम्म कुल विनियोजित बजेटको ३४.५६ प्रतिशत खर्च भएको छ।

२४. सामाजिक विकास अन्तर्गत महिला, बालबालिका तथा जेष्ठ नागरिक तर्फ ३६.३ प्रतिशत, सामाजिक सुरक्षा तथा पंजिकरण तर्फ ४४.९७ प्रतिशत, शिक्षा तर्फ ६९.०१ प्रतिशत, युवा तथा खेलकुद तर्फ ६०.९६ प्रतिशत, जनस्वास्थ्य प्रवर्द्धन तर्फ ७७.०७ प्रतिशत, खानेपानी तथा सरसफाई तर्फ १२.४७ प्रतिशत र भाषा तथा संस्कृति तर्फ २३.४४ प्रतिशत खर्च भएको छ। समग्रमा सामाजिक विकास तर्फ चालु आ.व.को यस अवधि सम्म ६७.८६ प्रतिशत खर्च भएको छ।

२५. पूर्वाधार विकास अन्तर्गत उर्जा तर्फ ३०.१९ प्रतिशत, पुनःनिर्माण तर्फ ४७.२६ प्रतिशत, सम्पदा पूर्वाधार तर्फ १८.७ प्रतिशत, यातायात पूर्वाधार तर्फ ३८.४६ प्रतिशत र भवन आवास तथा सहरी विकास तर्फ ४६.९२ प्रतिशत खर्च भएको छ। समग्रमा पूर्वाधार विकास तर्फ चालु आ.व.को यस अवधि सम्म कुल विनियोजित बजेटको ४१.२५ प्रतिशत खर्च भएको छ।

२६. सुशासन तथा अन्तर सम्वन्धित क्षेत्र अन्तर्गत वन वातावरण तथा जलवायु तर्फ १७.३ प्रतिशत, विपद् व्यवस्थापन तर्फ २३.१८ प्रतिशत, शान्ति सुव्यवस्था तर्फ ५९.३१ प्रतिशत, श्रम तथा रोजगारी तर्फ २५.६३ प्रतिशत, प्रशासकीय सुशासन तर्फ २९.३१ प्रतिशत, तथ्याङ्क प्रणाली तर्फ ८३.३२ प्रतिशत लगायत सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र अन्तर्गत समग्रमा चालु आ.व.को यस अवधि सम्म २६.४३ प्रतिशत खर्च भएको छ।

२७. कार्य संचालन तथा प्रशासनिक खर्च तर्फ ६५.७९ प्रतिशत खर्च भएको छ ।

२८. राजश्व संकलन आन्तरिक तर्फ चालु आर्थिक वर्षको यस अवधि सम्म रु. २४ करोड ४५ लाख ९० हजार संकलन भएको छ।

२९. संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुनुपर्ने वित्तीय समानिकरण अनुदानमा कटौती तथा राजश्व बाँडफाड र स्थानीय राजश्वमा प्राप्त हुनु पर्ने रकम न्यून हुन जादा बजेट विनियोजन भएका केही आयोजना तथा कार्यक्रम कार्यान्वयनमा रोक लगाउनु पर्ने अवस्था समेत आएको छ। साथै, मूल्यवृद्धिका कारण आयोजना कार्यान्वयनमा चुनौती उत्पन्न भएकाले कतिपय आयोजनाहरू प्रभावकारी रूपमा सञ्चालन हुन सकेका छैनन्।

**नगरसभाका अध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आगामी आर्थिक वर्षको वार्षिक योजना तथा बजेट, बजेट तर्जुमाका आधारहरु र वार्षिक बजेटका उद्देश्य तथा प्राथमिकताहरु यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।

३०. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, घोराही उपमहानगरपालिकाको एकीकृत शहरी विकास योजना तथा आवधिक योजना, नेपाल सरकारको सोह्रौं योजनाको मार्गदर्शन, स्थानीय तह बजेट तर्जुमा दिग्दर्शन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, संघ तथा प्रदेश सरकारबाट जारी नीति, कानुन, मापदण्ड, बजेट तथा कार्यक्रम, आर्थिक तथा सामाजिक नीतिहरू तथा नेपाल सरकारले अन्तर्राष्ट्रिय समुदायसमक्ष व्यक्त गरेका दिगो विकास लक्ष्य (SDGs) सम्बन्धी प्रतिबद्धताहरूलाई प्रमुख आधारका रूपमा लिएको छु। यसका साथै नगरवासी आमाबुबा, दिदीबहिनी तथा दाजुभाइ, जनप्रतिनिधि, नागरिक समाज, निजी क्षेत्र, व्यावसायिक संघ—संस्था, बुद्धिजीवी, पेशाकर्मी, सञ्चारकर्मी लगायत सरोकारवालाहरूबाट प्राप्त सुझाव र रायलाई उच्च महत्वका साथ समेट्ने प्रयास गरेको छु। उत्पादन वृद्धि, रोजगारी सिर्जना, आय अभिवृद्धि, सेवा प्रवाहको प्रभावकारिता, पूर्वाधार विकास तथा नागरिकको जीवनस्तरमा प्रत्यक्ष सुधार ल्याउने कार्यक्रम तथा आयोजनाहरूलाई प्राथमिकतामा राखी, घोराही उपमहानगरपालिकाको आवश्यकता, सम्भावना र मौलिक विशेषतालाई केन्द्रमा राखेर बजेट विनियोजन गरेको छु। यस बजेटका प्रमुख उद्देश्यहरू निम्न बमोजिम रहेका छन्

३१. दिगो पूर्वाधार निर्माण मार्फत स्थानीय गौरवका आयोजनाहरु, वैकल्पिक सडक, सुरक्षित आवास, ऊर्जा प्रभावी संरचना र नागरिक सहभागितामूलक परियोजनाहरूको प्रभावकारी कार्यान्वयन तथा मर्मत संभार सुनिश्चित गर्ने।

३२. आधुनिक, जैविक र सहभागितामूलक कृषि तथा पशुपालन प्रणालीको विकास गरी कृषि भूमि, सिँचाइ, बीउ, प्रविधि, बजार र सूचनामा पहुँच सुधार गर्दै उत्पादनशीलता, आत्मनिर्भरता र रोजगारी प्रवर्द्धन गर्ने।

३३. सबै बालबालिका र युवाहरूलाई समावेशी, गुणस्तरीय, जीवन उपयोगी र प्रविधिमैत्री शिक्षाको सुनिश्चितता गर्दै शैक्षिक पूर्वाधार विकास, शिक्षक क्षमता अभिवृद्धि, प्राविधिक तथा मातृभाषा शिक्षा र सीपमूलक तालिम मार्फत परिणाममुखी शिक्षा प्रणाली विकास गर्ने।

३४. प्रजनन स्वास्थ्य, मातृशिशु सुरक्षा, रोग रोकथाम, मानसिक स्वास्थ्य, पोषण सुधार र आयुर्वेद प्रवर्द्धन मार्फत नागरिकका लागि सहज, गुणस्तरीय र सम्मानजनक स्वास्थ्य सेवा प्रणाली विकास गरी स्वस्थ समाज निर्माण गर्ने।

३५. महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, विपन्न तथा पिछडिएको समुदाय र यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको सशक्तीकरण तथा सामाजिक सुरक्षा प्रवर्द्धन गर्दै विभेदमुक्त, समावेशी र सम्मानजनक जीवन सुनिश्चित गर्ने।

३६. जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरण समेट्दै स्वच्छता, फोहर व्यवस्थापन, शुद्ध खानेपानी, हरियाली, वैकल्पिक ऊर्जा र विपद् पूर्वतयारी मार्फत वातावरणमैत्री, सुरक्षित र दिगो शहर निर्माण गर्ने।

३७. सहकारी संस्थाहरूको सुशासन, पारदर्शिता र क्षमता अभिवृद्धि गर्दै आधुनिक प्रविधि र अनुगमन प्रणालीको माध्यमबाट संस्थागत सुदृढीकरण गर्ने।

३८. उद्यमशीलता विकास, सीप अभिवृद्धि तथा स्वरोजगार प्रवर्द्धन मार्फत नागरिकको आर्थिक सशक्तीकरण गर्ने।

३९. पर्यटन तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्दै परम्परागत सीप र कलालाई रोजगारी तथा आय आर्जनसँग जोड्दै सरोकारवालाको सहभागितामा स्थानीय पर्यटन प्रवर्द्धन गर्ने।

४०. न्यायिक समितिको कार्यक्षमता पारदर्शी र प्रभावकारी बनाउँदै मेलमिलापकर्ता तथा सरोकारवालाको क्षमता अभिवृद्धि गरी विपन्न र वञ्चित वर्गलाई न्याय पहुँच सुलभ बनाउने।

४१. सूचना प्रविधिको अधिकतम उपयोग तथा विद्युतीय शासनको विस्तार मार्फत सेवा प्रवाहलाई नागरिकमैत्री, द्रुत र जवाफदेही बनाउँदै सेवाको गुणस्तर, पारदर्शिता, सहजता र प्रभावकारिता अभिवृद्धि गर्ने।

४२. प्रशासनिक संरचना चुस्त, पारदर्शी र परिणाममुखी बनाई कर्मचारी क्षमता विकास, समन्वय र स्रोतहरूको प्रभावकारी व्यवस्थापन मार्फत गुणस्तरीय, मितव्ययी सेवा प्रवाह गर्ने।

४३. भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउन नाप-नक्शा कार्यलाई तीव्रता दिई जग्गा व्यवस्थापन प्रक्रिया प्रभावकारी रूपमा अगाडि बढाउने।

४४. खेलाडीको क्षमता विकास तथा सहभागिता अभिवृद्धिका लागि विविध प्रतियोगिता आयोजना गर्दै समावेशी र दिगो खेलकुद वातावरण सृजना गर्ने।

**नगरसभाका अध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८३/८४को लागि क्षेत्रगत बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु। क्षेत्रगत बजेट निम्नानुसार विनियोजन गरेको छु।

**आर्थिक विकास अन्तर्गत**

४५. कृषियोग्य भूमिमा सिँचाई सुविधा विस्तार गरी कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न आ.व. २०८२/८३मा छनौट भई क्रमागत डिप बोरिङ, अधुरा डिपबोरिङ संचालन तथा थप डिपबोरिङ निर्माणको लागि रु. २ करोड १५ लाख विनियोजन गरेको छु। सिँचाईका लागि ड्याम निर्माणका लागि रु. ३५ लाख विनियोजन गरेको छु। यसै गरी विभिन्न टयुबवेल तथा सिंचाई आयोजना तथा अन्य आयोजनामा आवश्यक पाइप विस्तारका लागि रु. २५ लाख विनियोजन गरेको छु।

४६. ५० प्रतिशत अनुदानमा मसला बाली वीउ वितरण, ५० प्रतिशत अनुदानमा कृषि फर्म व्यवसायलाई आवश्यक सामाग्री वितरण, ५० प्रतिशत अनुदानमा भर्मीकम्पोष्ट मल उत्पादन, आईपिएम कृषक पाठशाला र प्लान्ट क्लिनिक संचालनका लागि रु. ८ लाख बजेट विनियोजन गरेको छु।

४७. रासायनिक मल बिक्रेता सहकारीका कृषकलाई अभिमुखिकरण, कृषि सम्बन्धी स्थलगत घुम्ति तालिम, कृषि उपज संकलन तथा व्यवस्थित बजार प्रवर्द्धन अभिमुकिकरण, मौरी प्रवर्द्धन कार्यक्रम, विभिन्न वालीको क्रप कटिङ कार्यक्रम र मिनिटिलर मर्मत सम्बन्धी क्षमता विकासका लागि बजेट विनियोजन गरेको छु।

४८. माथी उल्लेखित कार्यक्रम समेत कृषि विकास अन्तर्गत आन्तरिक तर्फ जम्मा रू. २ करोड ९८ लाख, प्रदेश सरकारबाट प्राप्त अनुदान तर्फ रु. १५ लाख र संघ सरकारबाट प्राप्त अनुदान तर्फ रु. ४६ लाख गरी जम्मा रु. ३ करोड ५९ लाख विनियोजन गरेको छु।

४९. पशुपन्छी विकास कार्यक्रम तर्फ पशुपन्छीमा लाग्ने रोग बिरुद्धको खोप/सिरिन्ज निडिल खरिद,५० प्रतिशत अनुदानमा माछाका भुरा वितरण कार्यक्रम, ५० प्रतिशत सहकार्यमा मागमा आधारित पशुपन्छी तथा मत्स्य पालक कृषक सहायता कार्यक्रम, पशुपन्छी व्यवसायीक जोखिम न्युनिकरणका लागि पशुपन्छी बिमा सम्बन्धी अभिमुखिकरण गोष्ठी, पशु सेवाका लागि आवश्यक औषधी खरिद लगायत पशुपन्छी विकासको लागि आन्तरिक तर्फ रु. २५ लाख र संघ सरकारबाट प्राप्त अनुदान तर्फ रु. ३३ लाख गरी जम्मा रु. ५८ लाख विनियोजन गरेको छु।

५०. पर्यटन तथा संस्कृति प्रवर्द्धन तर्फ बराह क्षेत्रको प्रवर्द्धनका लागि पर्यापर्यटकीय महत्व बोकेको मौलाकोटमा जाने पदमार्ग/सडक स्तरोन्नती, स्थानीय भाषा, कला, साहित्य, संस्कृतिको संरक्षण एवं प्रवर्द्धन सम्बन्धी विभिन्न कार्यक्रम संचालन, घोराही उपमहानगरपालिकाको कला, भाषा, संस्कृति, परम्परागत ज्ञान,

सीप र प्रविधि तथा पुरातात्विक सम्पदाको विवरण समेटिएको पर्यटकीय सम्पदा पुस्तक अध्यावधिक एवं प्रकाशन कार्यक्रम, होटल व्यवसायीहरुका लागि पर्यटनमैत्री तालिम, सांस्कृतिक समूहको लागि पञ्चेबाजा सहयोग, बहिङ्गा प्रकाशन कार्यक्रम, जर्नी टु जिनियस एक्सपो लगायतका कार्यक्रमका लागि आन्तरिक तर्फ रु. २६ लाख ५० हजार विनियोजन गरेको छु।

५१. सहकारी प्रवर्द्धनका लागि सहकारीमा गुणात्मकता अभिवृद्धि गर्न सहकारी सचेतना कार्यक्रम, सहकारी संस्था सुदृढीकरणको लागि नियमित अनुगमन, सहकारी सूचनामूलक सन्देश, सहकारी संस्थाहरुको व्यवस्थित संचालनको लागि सफ्टवेयरमा आधारित कोपोमिस तालिम कार्यक्रम, सहकारी एकिकरण कार्यक्रम लगायतका कार्यक्रमका लागि सहकारी प्रवर्द्धन तर्फ आन्तरिक तर्फ रु. १० लाख ५५ हजार विनियोजन गरेको छु। सामी कार्यक्रम र राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम मार्फत सुरक्षित बैदेशिक रोजगार तथा रोजगार प्रवर्द्धनका लागि आन्तरिक तर्फ रु. १३ लाख ३७ हजार, प्रदेश सरकारबाट प्राप्त अनुदान तर्फ रु. ५ लाख ५० हजार र संघ सरकारबाट प्राप्त अनुदान तर्फ रु. ३९ लाख गरी जम्मा रु. ५७ लाख ८७ हजार विनियोजन गरेको छु।

५२. खाद्य स्वच्छता र स्वस्थता कायम गर्न खाद्य गुणस्तर परीक्षणका लागि आवश्यक औजार, रसायन तथा सामग्री खरिद, उपभोक्ता हित सम्बन्धी सचेतनामुलक कार्यक्रम, नियमित बजार अनुगमन तथा बजार व्यवस्थापन लगायत उपभोक्ता हित संरक्षणका लागि रु. १४ लाख ८० हजार विनियोजन गरेको छु।

५३. आर्थिक उन्नयनका लागि विपन्न परिवारलाई उद्यमशिलता तथा सिप विकास तालिम, लक्षित वर्गका लागि सिप मुलक तालिम कार्यक्रम, उद्यमीहरुलाई प्रविधि हस्तान्तरण कार्यक्रम, बजारीकरण तथा वित्तिय सेवामा पहुँच कार्यक्रम, व्यवसायीहरुलाई तालिम जस्ता उद्यम प्रवर्द्धनका कार्यक्रम संचालन गर्न रु.

१५ लाख  विनियोजन गरेको छु। साथै संघ सरकारबाट प्राप्त अनुदान तर्फ रु.१२ लाख समेत गरी उद्यम प्रवर्द्धन तर्फ जम्मा रु. २७ लाख विनियोजन गरेको छु।

**नगरसभाका अध्यक्ष महोदय**

५४. आर्थिक विकास अन्तर्गत कृषि विकास, पशु सेवा, पर्यटन तथा संस्कृति प्रवर्द्धन, सीप विकास तथा उद्यम प्रवर्द्धन, सहकारी तथा रोजगार प्रवर्द्धन, उपभोक्ता हित संरक्षण, सामी कार्यक्रम, राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम समेत आन्तरिक तर्फ रु. ४ करोड ३ लाख २२ हजार र संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान समेत गरी जम्मा रु. ५ करोड ५३ लाख ७२ हजार विनियोजन गरेको छु।

**सामाजिक विकास अन्तर्गत**

५५. विद्यालयहरुको नयाँ भवन तथा अधुरा भवन निर्माणका  लागि रु १ करोड १२ लाख ५० हजार विनियोजन गरेको छु।

५६. विद्यालयमा कार्यरत मा.वि. शिक्षक, नि.मा.वि. शिक्षक तथा बालविकास शिक्षक व्वयस्थापनका लागि बढाइएको सेवा सुविधा सहित रु. १ करोड ३१ लाख ९३ हजार, बालविकास सहायक कर्मचारी, विद्यालय सहायक कर्मचारी, विद्यालय सहयोगी तथा आयाको मनोबल वृद्धी गरी पठनपाठनमा सुधार ल्याउन संघीय सरकारबाट प्राप्त तलब रकममा थप गर्न रु. ३ करोड २४ लाख ९९ हजार हजार विनियोजन गरेको छु। स्वयंसेवक शिक्षकहरुको बढोत्तरी सहितको तलब भत्ताको लागि १ करोड ५५ लाख २० हजार विनियोजन गरेको छु।

५७. नगरस्तरिय कक्षा ८ र ५ को परीक्षा सञ्चालन तथा व्यवस्थापनका लागि रु. २८ लाख विनियोजन गरेको छु।

५८. थारु भाषाको कक्षा १ देखि ३ सम्मको पाठ्यपुस्तक अनुदान, मगर भाषाको कक्षा १को पाठ्यपुस्तक अनुदान र कक्षा १ देखि ८ सम्मको स्थानीय विषय हाम्रो घोराहीको पाठ्यपुस्तक अनुदानको लागि रु. १७ लाख बिनियोजन गरेको छु।

५९. प्र.अ.हरुको लागि नेतृत्त्व विकास तालिम,अन्तराष्ट्रिय प्रशिक्षकबाट विज्ञान शिक्षकहरुको लागि तालिम, बालविकास सहजकर्ताहरूको लागि क्षमता विकास तालिम, गणित शिक्षकहरूको लागि तालिम, विषयगत शिक्षकहरुको क्षमता विकास तालिम, सिकाई केन्द्रको परिचालक र अध्यक्षहरुका लागि तालिम लगायतका शैक्षिक क्षेत्रको क्षमता अभिवृद्धि कार्यक्रमका लागि बजेट विनियोजन गरेको छु।

६०. घोराहीमा स्थायी बसोबास भएका सामुदायिक विद्यालयबाट कक्षा १२ पास गरी एस.ई.ई.को परीक्षामा उत्कृष्ट अंक प्राप्त गरेका एक जना छात्र तथा एक जना छात्रा लाई डाक्टर र इन्जिनियर पढ्न छात्रवृत्तिको लागि रु. १६ लाख विनियोजन गरेको छु।

६१. विद्यालय बाहिर रहेका विद्यार्थीहरुको लागि कक्षा सञ्चालन तथा तथ्याङ्क विश्लेण, ५ वर्षे शिक्षा योजना निर्माण, अतिरिक्त क्रियाकलाप संचालन लगायतका शिक्षा सम्बन्धी कार्यक्रमहरुका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

६२. स्काउटीङ गतिविधि संचालन तथा यूवा सञ्जालको क्षमता विकास कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

६३. नवलपुर खेलमैदान र क्रिकेट मैदान, वडा नं. १७ मा पूर्वाधार निर्माणका लागि रु. २० लाख, खेलकुद प्रतियोगिता र प्रतियोगिता सम्बन्धी क्रियाकलाप संचालन गर्न रु. ४० लाख तथा खेलाडीहरुलाई प्रोत्साहन गर्न रु. ३ लाख गरी खेलकुद विकास तर्फ रु. ६३ लाख विनियोजन गरेको छु।

६४. माथी उल्लेखित कार्यक्रमहरु सहित शिक्षा, युवा तथा खेलकुदमा आन्तरिक तर्फ जम्मा रु. ९ करोड ८ लाख ५१ हजार, प्रदेश सरकारबाट प्राप्त अनुदान तर्फ रु. २० लाख र संघ सरकारबाट प्राप्त अनुदान तर्फ रू. ६९ करोड ३ लाख २२ हजार गरी जम्मा ७८ करोड ३१ लाख ७३ हजार विनियोजन गरेको छु।

६५. स्वास्थ्य सम्बन्धी पूर्वाधार निर्माणका लागि रु. १ करोड ३७ लाख ५० हजार विनियोजन गरेको छु।

६६. आधारभूत स्वास्थ्य सेवा संचालनको लागि निःशुल्क स्वास्थ्य सेवाको लागि औषधी तथा औजार उपकरण खरिद, व्यवस्थापन तथा ढुवानीको लागि रु ३० लाख विनियोजन गरेको छु।

६७. उज्यालो आँखा कार्यक्रम अन्तर्गत राप्ती आँखा अस्पताल, रक्षाचौरसँगको सहकार्यमा निःशुल्क मोतियाबिन्दु शल्यक्रियाको लागि रु. १० लाख, नगरवासीहरुलाई रक्तदान जीवनदानको भावना अनुरुप नगर प्रमुख रक्तसंचार कार्यक्रम तर्फ नेपाल रेडक्रस सोसाईटीको सहकार्यमा निःशुल्क रगत उपलब्ध गराउनको लागि रु. १० लाख तथा जेष्ठ नागरिक घरदैलो स्वास्थ्य जाँचका आवश्यक रकम विनियोजन गरेको छु।

६८. उपप्रमुख प्रजनन् रुग्णता कार्यक्रम अन्तर्गत पाठेघर बचाउ अभियान मार्फत पाठेघरको भि.आई.ए. स्क्रिनिङ्ग गरी पाठेघरको मुखको क्यान्सरको प्रारम्भिक जाँच गर्न शिविर, आयुर्वेद तथा बैकल्पिक चिकित्सा प्रवर्द्धनका लागि बजेट विनियोजन गरेको छु।

६९. मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार सुविधा उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाएको छु। एम्बुलेन्स र शव बाहन व्यवस्थापन, संक्रमण रोकथाम, नेपाल क्षयरोग निवारण संघको सहकार्यमा क्षयरोग सम्बन्धी कार्यक्रम,

मानसिक स्वास्थय तथा परामर्श केन्द्र नेपालको सहकार्यमा कार्यक्रम, पोषण मैत्री कार्यक्रम, सुत्केरी घर भेट कार्यक्रम, स्वास्थ्य सम्बन्धी तथ्यांकको गुणस्तरीयता सुधारका लागि अभिमुखिकरण लगायत जनस्वास्थ्य प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरुमा आन्तरिक तर्फ वडास्तरीय कार्यक्रमको लागि रु. ८६ लाख २५ हजार तथा स्वस्थ्य पूर्वाधार सहित नगरस्तरीय कार्यक्रमको लागि रु. २ करोड २२ लाख विनियोजन गरेको छु।

७०. माथी उल्लेखित जनस्वास्थ्य प्रवर्द्धनसंग सम्बन्धित कार्यक्रमका लागि आन्तरिक तर्फ रू. ३ करोड ८ लाख २५ हजार , संघ सरकारबाट प्राप्त अनुदान तर्फ रु. ५ करोड ७० लाख र प्रदेश सरकारबाट प्राप्त अनुदान तर्फ रु. ३९ लाख समेत जम्मा रु. ९ करोड १७ लाख २५ हजार विनियोजन गरेको छु।

७१. सामाजिक संरक्षण तथा समुदायमा आधारित सामाजिक सेवा प्रवर्द्धन गर्न शान्ति बालगृहलाई सञ्चालन अनुदान, बेवारिसे तथा असहाय व्यक्तिको व्यवस्थापनका लागि मानव सेवा आश्रम तथा सेवा घरलाई अनुदान, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र व्यवस्थापनको लागि अनुदान, अपाङ्गता भएका व्यक्तिहरूका लागि पुनर्स्थापना केन्द्र सञ्चालन तथा सहायक सामग्री सहयोग, तेरौटे वृद्धाश्रम व्यवस्थापनका लागि अनुदान तथा हिंसा प्रभावित महिला तथा बालबालिकाका लागि महिला सेवा केन्द्र सञ्चालनका लागि अनुदानको लागि रु. ३८ लाख विनियोजन गरेको छु।

७२. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धनका लागि लैङ्गिक उत्तरदायी बजेट परीक्षण र लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण, मानव अधिकार प्रवर्द्धन सम्बन्धी कार्यक्रम, लैङ्गिक हिंसा न्यूनीकरणका लागि सचेतनामुलक कार्यक्रम, सामाजिक विभेद तथा

कुरीति अन्त्य सम्बन्धी सचेतना, बहस तथा अभिमुखीकरण कार्यक्रमका लागि रु. १० लाख बजेट विनियोजन गरेको छु।

७३. युवा, महिला, दलित, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय तथा अन्य लक्षित वर्गको सशक्तीकरणका लागि नेतृत्व विकास, वित्तीय साक्षरता, सीप विकास तथा स्वरोजगारमुखी तालिम कार्यक्रमहरुको लागि रु. ८ लाख ७० हजार बजेट विनियोजन गरेको छु।

७४. बालअधिकार संरक्षण तथा बालमैत्री स्थानीय शासन सुदृढीकरणका लागि बाल संरक्षण मापदण्ड कार्यान्वयन, बालअधिकार समिति तथा बाल सञ्जाल पुनर्गठन, बाल सहभागिता तथा पोषण कार्यक्रम, बालविवाह रोकथाम लगायत बालबालिकासँग सम्बन्धित कार्यक्रमका लागि रु. ७ लाख ७० हजार बजेट विनियोजन गरेको छ।

७५. महिला, वालवालिका तथा सामाजिक समावेशिकरण तर्फ आन्तरिक तर्फ रु. ७५ लाख ५० हजार, प्रदेश सरकारबाट प्राप्त अनुदानबाट रु. १५ लाख र संघ सरकारबाट प्राप्त अनुदानबाट रु. १५ लाख गरी जम्मा रु. १ करोड ५ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

७६. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता सम्बन्धी तालिम, बाल पोषण भत्ताको उपयोग सम्बन्धमा अभिभावकलाई अभिमुखिकरण कार्यक्रम, घटना दर्ता सप्ताह सन्चालन लगयातका लागि सामाजिक सुरक्षा तथा पंजीकरण तर्फ आन्तरिक तर्फ रु. ६ लाख र संघ सरकारबाट प्राप्त अनुदानबाट रु. ५ लाख समेत गरी जम्मा रू. ११ लाख विनियोजन गरेको छु।

७७. सामाजिक विकास अन्तर्गत शिक्षा, युवा तथा खेलकुद, जनस्वास्थ्य प्रवर्द्धन, महिला, बालबालिका तथा सामाजिक समावेशिकरण र सामाजिक सुरक्षा तथा पंजीकरण क्षेत्रहरुमा जम्मा आन्तरिक रू. १२ करोड ९८ लाख २६ हजार

र संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान समेत गरी जम्मा रु. ८८ करोड ६५ लाख ४८ हजार  विनियोजन गरेको छु।

## पूर्वाधार विकास अन्तर्गत

७८. विगत देखि कार्यान्वयनमा रहेका अधुरा, क्रमागत तथा बहुवर्षिय आयोजनाहरुको लागि एकमुष्ट रु. ५४ करोड १७ लाख ६२ हजार  विनियोजन गरेको छु।

७९. वडा कार्यालयको सिफारिस बमोजिम अन्य नगरस्तरीय आयोजनाहरु र टोल विकास संस्थाबाट माग भएका लागत सहभागिता (२०/८०, ३५/६५ र ५०/५० प्रतिशत) मा संचालन हुने आयोजनाहरुको को लागि रु. २० करोड ५० लाख विनियोजन गरेको छु।

८०. विभिन्न समपूरक आयोजना साथै साझेदारी कार्यक्रमहरुको लागि रु. २ करोड ९५ लाख  विनियोजन गरेको छु।

८१. विगतको अधुरा नगर-वडा समपूरक आयोजनाको लागि रू. २ करोड  ३८ लाख विनियोजन गरेको छु।

८२. पिच सडकको नियमित मर्मत एवं दिगो व्यवस्थापनका लागि रु. १ करोड २० लाख विनियोजन गरेको छु।

८३. स्वर्गद्वारी एफ.एम. नेर वर्षाको बेला हुने डुबान नियन्त्रण गर्नका लागि काठेकोल स्कुल देखि आर्मी ब्यारेक सम्म नाला निर्माण गर्नका लागि रु. ६० लाख विनियोजन गरेको छु।

८४. सडक पिच, ग्राभेल तथा बाटो स्तरउन्नती, कल्भर्ट, सिंचाई तथा खानेपानी, विद्युत विस्तार , पार्क, उद्यान लगायत पूर्वाधार विकास तर्फका सबै प्रकृतीका आयोजना निर्माण सम्बन्धी कार्यका लागि आन्तरिक तर्फ रु. ८१ करोड ८०

लाख ६२ हजार, संघ सरकारबाट प्राप्त अनुदान तर्फ रु. १ करोड २९ लाख, प्रदेश सरकारबाट प्राप्त अनुदान तर्फ रु. २ करोड ७० लाख र योजना तथा अनुगमन, भवन अनुमति मापदण्ड कार्यान्यवन सम्बन्धी कार्यक्रमका लागि रु. १२ लाख समेत गरी पुर्वाधार विकास तर्फ जम्मा रु. ८५ करोड ९१ लाख ६२ हजार विनियोजन गरेको छु।

**सरसफाई, वन, वातावरण तथा विपद् व्यवस्थापन अन्तर्गत**

८५. विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्न संचालित विपद् व्यवस्थापन कोषको लागि रु. ५० लाख छुट्याएको छु। विपद्बाट क्षति भएका संरचनाहरुको संरक्षण तथा निर्माण गर्न रु. ५० लाख, तटबन्धका लागि तार जाली खरिदका लागि रु. ५० लाख विनियिजन गरेको छु।

८६. त्यसै गरी विपद् व्यवस्थापन तथा खोज उद्धार सम्बन्धी नमुना अभ्यास कार्यक्रम, वडा स्तरीय विपद् व्यवस्थापन समितिलाई अभिमुखिकरण कार्यक्रम, प्लाष्टीकजन्य वस्तु व्यवस्थापन तथा नियमन कार्यक्रम ,वातावरणमैत्री वडा घोषणा, आपतकालिन कार्य संचालन केन्द्रका लागि सामग्री खरिद, स्वच्छ उर्जा कार्यक्रम लगायतका वातावरण तथा विपद् व्यवस्थापन तर्फको कार्यक्रम संचालन गर्न आन्तरिक तर्फ रु. १ करोड ८६ लाख विनियोजन गरेको छु।

८७. ल्यान्डफिल साइट प्रभावित व्यक्तिहरुका लागि आयआर्जन सम्बन्धी सिप मुलक तालिम, सार्वजानिक स्थलका लागि मेटल डस्टवीन निर्माण, नगर तथा वडास्तरमा पूर्ण सरसफाइ कार्यक्रम, चोक तथा गल्लिहरुको नाला, पार्क सरसफाई तथा बिरुवा गोडमेल कार्यक्रम, सामुदायिक चौपाया व्यवस्थापन लगायत सरसफाई व्यवास्थपनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

८८. खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुका लागि अभिमुखिकरण कार्यक्रम, खानेपानी मुहानहरुमा आर्सेनिक परीक्षण लगायत खानेपानी सुधार कार्यक्रम तर्फ आवश्यक बजेट विनियोजन गरेको छु।

८९. माथी उल्लेखित कार्यक्रमहरु सहित सरसफाई तथा खानेपानी व्यवस्थापन तर्फ रु. १८ लाख विनियोजन गरेको छु।

९०. सरसफाई, वातारण तथा विपद् व्यवस्थापन तर्फ आन्तरिक तर्फ जम्मा रु. २ करोड ४ लाख बजेट विनियोजन गरेको छु।

**सार्वजनिक सेवा, सुशासन, संस्थागत विकास, सूचना प्रविधि तथा अन्य सम्बन्धित क्षेत्र अन्तर्गत**

९१. विधागत पत्राकारिता तालिम, पत्रकारितामा ए.आई. को प्रयोग सम्बन्धी तालिम, नेपाली र थारु भाषामा स्थानीय रेडियो कार्यक्रम, नेपाल टेलिभिजन कोहलपुरसँगको सहयोगमा घोराही दर्पण कार्यक्रम संचालन, रेडियो नेपालमा घोराही उपमहानगरपालिकाका गतिविधि कार्यक्रम संचालन, आवधिक प्रगति संग्रह वृतचित्र, आवधिक प्रगति पुस्तिका निर्माण, कानुन संग्रह निर्माण लगायत संचार तथा प्रसे क्षेत्रको विकासको लागि रु. २५ लाख बजेट विनियोजन गरेको छु।

९२. नगरस्तरीय वार्षिक तथा त्रैमासिक प्रगति समीक्षा, नगरस्तरीय वार्षिक तथा त्रैमासिक सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, विभिन्न प्रतिवेदन तयारी लगायतका संस्थागत सुधार तथा सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यक्रमका लागि रु. २० लाख बजेट विनियोजन गरेको छु।

९३. समयानुकूल सूचना प्रविधि प्रणाली/सफ्टवेयर जडान, साइबर सुरक्षा सचेतना कार्यक्रम लगायत सूचना प्रविधि व्यवस्थापन तथा विद्युतीय शासनको लागि अन्य सहयोगी कार्यक्रमहरु समेत रु. १४ लाख विनियोजन गरेको छु।

९४. माथी उल्लेखित कार्यक्रमहरु सहित सूचना प्रविधि तथा संचार व्यवस्थापन तर्फ जम्मा रु. ५९ लाख विनियोजन गरेको छु।

९५. कर्मचारीहरूको क्षमता अभिवृद्धि तथा नेतृत्व विकास, प्रशासनिक अभिलेखहरूको सुरक्षित संरक्षण एवं डिजिटाइजेशन, डिजिटल कार्यालय तथा

ई-फाइल प्रणालीको कार्यान्वयन, वडा तहमा ई-हाजिरी प्रणालीको विस्तार, कार्यालय व्यवस्थापनलाई थप प्रभावकारी, पारदर्शी, उत्तरदायी र प्रविधिमैत्री बनाउन आवश्यक विविध कार्यक्रम सहित सामन्य व्यवस्थापनका तर्फ रु. ११ लाख विनियोजन गरेको छु।

९६. नागरिकसँग कानुनी साक्षरता कार्यक्रम, सूचिकृत मेलमिलापकर्ताहरुको लागि क्षमता अभिवृद्धि कार्यक्रम,न्यायिक समितिको कार्य प्रगति सम्बन्धमा पत्रकार सम्मेलन, न्यायिक घुम्ति शिविर, कानून निर्माण, न्यायिक मामिला सम्बन्धमा अन्तरक्रिया कार्यक्रम लगायतका कार्यक्रमहरुको लागि कानुनि मामिला तर्फ रु. ११ लाख ४० हजार विनियोजन गरेको छु।

९७. भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरुको जग्गा नापजाँच कार्यको लागि लाइडर इमेज, आवश्यक सामग्री खरिद गर्न रु. १४ लाख सहित भूमी व्यवस्थापन तर्फ रु. ३६ लाख विनियोजन गरेको छु।

९८. राजश्व गस्ति परिचालन मार्फत राजश्व अभिवृद्धि गर्न, राजश्व व्यवस्थापनको काम गर्ने कर्मचारीहरुको क्षमता विकास, व्यवसाय दर्ता अभियान लगायत राजश्व व्यवस्थापन तर्फ रु. १३ लाख बजेट विनियोजन गरेको छु।

९९. सार्वजनिक सेवा, सुशासन, सूचना प्रविधि तथा संचार, संस्थागत विकास र अन्य अन्तर सम्बन्धित क्षेत्र तर्फ जम्मा रू. १ करोड ३० लाख ४० हजार बजेट विनियोजन गरेको छु।

१००. वडा कार्यालय तर्फ (१९ वटै वडा) को पूर्वाधार विकास तर्फ रु. ५ करोड ३२ लाख तथा अन्य सामाजिक विकासका कार्यक्रम एवं कार्यालय संचालन तर्फ जम्मा रु. ४ करोड १८ लाख गरी जम्मा रु. ९ करोड ५० लाख विनियोजन गरेको छु।

१०१. दैनिक कार्य संचालन, तलब भत्ता लगायत आन्तरिक व्यवस्थापन तर्फ रु. ४५ करोड विनियोजन गरेको छु।

**नगरसभाका अध्यक्ष महोदय,**

१०२. आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न माथि उल्लेखित आयोजना तथा कार्यक्रमका लागि रु. २ अर्ब ३७ करोड ९५ लाख २२ हजार विनियोजन गरेको छ। कुल विनियोजित रकम मध्ये संघ सरकारबाट प्राप्त हुने सशर्त अनुदान रु. ७७ करोड ५२ लाख २२ हजार मध्ये रु. २ करोड ३५ लाख अर्थात ३.०३ प्रतिशत पूजिगत खर्च र रू. ७५ करोड १७ लाख २२ हजार अर्थात ९६.९७ प्रतिशत चालु खर्च रहेको छ। त्यस्तै प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान रु. ३ करोड ६४ लाख ५० हजार मध्ये रु. ३ करोड ३९ लाख अर्थात ९३ प्रतिशत पूजिगत खर्च र रू. २५ लाख ५० हजार अर्थात ७ प्रतिशत चालु खर्च रहेको छ । संघ तथा प्रदेश सरकारबाट प्राप्त वित्तीय समानिकरण अनुदान, राजश्व बाँडफाँड र रोयल्टी तथा उपमहानगरपालिकाको आन्तरिक आय (घर जग्गा रजिष्ट्रेशन, बैंक मौज्दात समेत)बाट विनियोजन गरिएको बजेट रु. १ अर्ब ५६ करोड ७८ लाख ५० हजार मध्ये रु. ६० करोड २ लाख ७३ हजार अर्थात ३८.२९ प्रतिशत चालु खर्च र रू ९६ करोड ७५ लाख ७७ हजार अर्थात ६१.७१ प्रतिशत पूजिगत खर्च रहेको छ।

१०३. कुल बजेट रू. २ अर्ब ३७ करोड ९५ लाख २२ हजार मध्ये रु. १ अर्ब ३५ करोड ४५ लाख ४५ हजार अर्थात ५६.९३ प्रतिशत चालु खर्च र रू. १ अर्ब २ करोड ४९ लाख ७७ हजार अर्थात ४३.०७ प्रतिशत पूजिगत खर्च रहेको छ।

**नगरसभाका अध्यक्ष महोदय,**

अब म माथि उल्लेखित क्षेत्रगत आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्न स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१०४. आगामी आर्थिक वर्षको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक आय(घर जग्गा रजिष्ट्रेसन समेत)बाट रु. ७४ करोड,संघीय वित्तीय समानिकरण अनुदानबाट रू. ३१ करोड ५५ लाख, संघीय राजश्व बाँडफाँडबाट रू. २५ करोड ९६ लाख ३६ हजार, संघीय रोयल्टी बाँडफाँडबाट रू. ९ लाख , संघीय सशर्त अनुदानबाट रु. ७६ करोड ७७ लाख २२ हजार, संघीय बिशेष अनुदानबाट रु. ४५ लाख र संघीय समपूरक अनुदानबाट रु. ३० लाख व्यहोरिने छ। त्यस्तै प्रदेश समानिकरण अनुदानबाट रु. २ करोड १६ लाख ९ हजार, प्रदेश राजश्व बाँडफाँडबाट रु. २ करोड ८९ लाख ३१ हजार, प्रदेश सशर्त अनुदानबाट रू. १ करोड ९४ लाख ५० हजार र प्रदेश समपूरक अनुदानबाट रु. १ करोड ५० लाख व्यहोरिने छ ।यसबाट नपुग हुने रकम रु. २० करोड १२ लाख ७४ हजार गत आर्थिक वर्षको बैंक बाँकीबाट व्यहोरिने छ।

१०५. उपमहानगरपालिकालाई संघ सरकार, प्रदेश सरकार तथा अन्य निकायबाट अख्तियारी प्राप्त हुने सामाजिक सुरक्षा लगायतका अन्य कार्यक्रमहरुको एकल खाता कोष प्रणाली मार्फत भुक्तानी हुने भएकोले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट प्रक्षेपणमा समावेश नगरिएको व्यहोरा अवगत गराउन चाहन्छु। यसका साथै, बजेट प्रणाली अनुसार घोराही उपमहानगरपालिकामा हस्तान्तरण हुने संघीय सशर्त अनुदान तर्फ रु. ३२ लाख ७८ हजार र प्रदेश सशर्त अनुदान तर्फ रु. १० लाख गरी जम्मा रु. ४२ लाख ७८ हजार अन्य स्थानीय तहको शीर्षक अन्तर्गत देखिएको हुँदा आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट प्रक्षेपणमा समावेश नगरिएको व्यहोरा जानकारी गराउन चाहन्छु।

**नगरसभाका अध्यक्ष महोदय,**

१०६. आर्थिक वर्ष २०८३/८४को सेवा र कार्यका लागि स्थानीय संचित कोषबाट केही रकम खर्च गर्न बनेको विनियोजन बिधेयक, २०८३ र अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको अर्थ बिधेयक, २०८३ सम्मानित सभा समक्ष पेश गरेको छु।

**नगरसभाका अध्यक्ष महोदय,**

१०७. प्रस्तुत बजेटको कार्यान्वयनबाट कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि हुने, सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार तथा शैक्षिक गुणस्तरमा सुधार आउने, नगरवासीको आधारभूत स्वास्थ्य सेवामा सहज र समतामूलक पहुँच सुनिश्चित हुने, उद्यमशीलता तथा स्वरोजगार प्रवर्द्धनमार्फत रोजगारीका अवसर विस्तार भई नागरिकको आर्थिक तथा सामाजिक जीवनस्तर उकासिने, सडक लगायतका पूर्वाधारहरूको पहुँच र दिगोपना सुदृढ हुने, उपलब्ध स्रोतसाधनको अधिकतम उपयोगबाट दिगो, सन्तुलित र समावेशी विकासलाई थप गति मिल्ने, सार्वजनिक सेवाप्रवाहको प्रभावकारिता, पारदर्शिता तथा जवाफदेहिता अभिवृद्धि हुने तथा सामाजिक विकासको मूलप्रवाहबाट पछाडि परेका वर्ग, क्षेत्र र समुदायको विकासमा पहुँच विस्तार भई सामाजिक न्याय, अपनत्व र सुशासनको प्रवर्द्धन हुँदै स्थानीय शासन थप सबल र सुदृढ बन्ने विश्वास लिएको छु।

**नगरसभाका अध्यक्ष महोदय,**

१०८. आगामी आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तुत आय-व्यय प्रस्ताव उपमहानगरपालिकाको एकल प्रयासबाट मात्र कार्यान्वयन गर्न सम्भव हुने छैन। बजेट कार्यान्यनमा संघ तथा प्रदेश सरकार, नगरवासी, आमाबुबा, दिदीबहिनी, दाजुभाई, व्यवसायिक संघ संस्था, राजनीतिक दल, नागरिक समाज,संचार क्षेत्र लगायत सबै तह र तप्काबाट साथ, सहयोग र सहकार्य हुने बिश्वास लिएको छु।

१०९. अन्त्यमा बजेट तर्जुमा गर्ने क्रममा मार्ग निर्देश गर्नु हुने नगर प्रमुखज्यू, सहयोग गर्नु हुने विषयगत समितिका संयोजक एवं सदस्यज्यूहरु, वडा अध्यक्षज्यूहरु, नगरसभा सदस्यज्यूहरु, नागरिक समाज, पेशाबिद् बुद्धिजिवि, सञ्चार जगत लगायत सम्पूर्ण नगरवासीहरु तथा प्रमुख प्रशसकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुमा धन्यवाद ज्ञापन गर्दै आभार प्रकट गर्दछु।

धन्यवाद!

इति सम्वत् २०८३ साल आषाढ ८ गते रोज २ शुभम्।